**मिति: २०८०।५।२१ गते, समय: [illegible] बजे विहान, बैठक संख्या: ३४**

## कार्यपालिकाको वैठकका निर्णयहरु

**प्रस्ताव नं. १:** अघिलो बैठकका निर्णयहरुको समिक्षा।

**निर्णय:** अघिलो कार्यपालिका बैठकको निर्णयहरु समिक्षा भयो। कार्यान्वयन हुन बांकी निर्णयहरु तत्काल कार्यान्वन गर्ने।

**प्रस्ताव नं. २:** सम्मानित श्री सर्वोच्च अदालतको आदेश कार्यान्वयनको समिक्षा।

**निर्णय:** श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह समन्वय शाखा, काठमाण्डौंको च.नं. १०८, मिति २०८०।५।१८ को पत्र मार्फत रिट निवेदक पदम बहादुर श्रेष्ठ र विपक्षी श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समेत भएको रिट नं. ०७५-WO-०८४३ को परमादेश रिट निवेदनमा सम्मानित श्री सर्वोच्च अदालतबाट मिति २०७६।०१।०८ मा जारी भएको आदेश कार्यान्वयन सम्बन्धि ताकेता पत्र अनुसार श्री सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्शेशनालयको च.नं. १०९, मिति २०८०।५।१० गतेको पत्र बमोजिम छाडा पशुको साथै किसानले पालिरहेका पशुपन्छीको तथ्यांक संकलन, पालिएका पशुहरु पहिचान हुन सक्ने गरी ट्याकिंग गर्ने र कम्प्युटर प्रविधिको माध्यमले समस्या ग्रस्त क्षेत्रमा पहिलो चरणमा र त्यस पछि देशभरि पशुहरुको तथ्यांक लिने व्यवस्था मिलाउने, किसानलाई गाई गोरु लगायतका पशुहरुको बिमा गर्न प्रोत्साहन तथा लाग्ने खर्चको निश्चित भाग अनुदानकाव रुपमा सहयोग गर्ने र सीमा पारिबाट गाई गोरु अवैध रुपमा भित्रिने अवस्था रहे त्यसको अन्त्य गर्ने आवश्यकता देखिए कुटनितिक रुपमा पहल गर्ने लगायतको आदेश कार्यान्वयनकोलागि बैठकमा समिक्षा गरि उक्त क्षेत्रमा भए गरेका कामको प्रतिवेदन मन्त्रालयमा पठाउने।

**प्रस्ताव नं. २:** फोहरमैला व्यवस्थापन सम्बन्धमा जग्गा प्राप्तिको सहमति कार्यान्वयन।

**निर्णय:** यस नगरपालिकाको समस्याको रुपमा रहेको फोहोरमैला व्यवस्थापनका लागि नगर सभाको निर्णय अनुरुप जग्गा खरिदको लागि नेपाल सरकारसंग सहमति माग गरिएकोमा श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह समन्वय शाखा, काठमाण्डौंको च. नं. ७४, मिति २०८०।४।३२ को पत्र मार्फत नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८०।४।३० को निर्णयबाट साविक उग्रतारा गा. वि. स. वडा नं. २ हाल अमरगढी नगरपालिका वडा नं ६ स्थित गुनाकर भाटको नाममा दर्ता श्रेस्ता कायम रहेको कि. नं. १५१ को क्षेत्रफल १४-५-१-० रोपनी जग्गा ल्याण्डफिल साइट निर्माण गर्ने प्रयोजनका लागि जग्गा प्राप्ति गर्न सहमति प्राप्त भएको।
जग्गा प्राप्ति ऐन,२०३४ को दफा ५ बमोजिम जग्गा प्राप्त गर्ने कुराको निर्णय र प्रारम्भिक कारवाही चलाउने अधिकारी तोकि नआएकाले जग्गा प्राप्ति ऐन,२०३४ अनुरुप उक्त जग्गा प्राप्ति गर्ने सोही ऐनको दफा ५ को व्यवस्था अनुरुप यस अमरगढी नगरपालिकाका अधिकृत सातौं श्री मिनराज ओझालाई प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने।

**प्रस्ताव नं. ३:** नगर यातायात गुरु योजना निर्माण।

**निर्णय:** यस नगरपालिका क्षेत्रमा रहेका सडकहरुको अध्यावधिक गरि सुधार गर्न र सडक क्षेत्रको क्षेत्राधिकार एकिन गर्न नगर यातायात गुरुयोजना (MTMP) निर्माण गर्ने।

२०८०।५।२१

**प्रस्ताव नं. ४:** सडक सरसफाई गर्न मेसिन परिचालन ।

**निर्णय:** यस नगरपालिका क्षेत्रमा रहेका सडकहरु बर्षातका कारण विग्रिन गई आवत जावत सुचारु गर्न कार्यालयको मसिन उलपब्ध गराउंदा अनिवार्य रुपमा प्राविधिक पठाई ल. इ. तयार गरि मात्र सडक सरसफाइ कार्य गर्ने ।

**प्रस्ताव नं. ५:** सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन ।

**निर्णय:** चालु आवको कार्यक्रममा रहेको सुरक्षित नागरिक आवास कार्यक्रम सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ अनुरुप सूचना प्रकासन गर्ने ।

२०७७।५।१५

प्रमुख प्रशासकीय अधिकृत